ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही

# आ.व. २०७९/०८० को लागि आन्तरिक आयको ठेक्का वन्दोवस्ती सम्वन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०७/१५)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) को (६) र दफा ६४ (च) बमोजिम ईश्वरपुर नगरपालिका र लालवन्दी नगरपालिकाको सीमामा रहेको फुलजोर खोलावाट नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल संकलन/उत्खनन गरी बिक्रि कर/शुल्क/दस्तुर संकलन गर्न चालु आ.व. २०७९/०८० को जेठ मसान्तसम्मको लागि आन्तरिक आय ठेक्का वन्दोवस्त गर्नु पर्ने भएको तपसिलमा उल्लेखित ठेक्का विवरण र शर्तको अधिनमा रही चालु आ.ब. २०७९/०८० को जेष्ठ मसान्तसम्मको लागि आन्तरिक आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित ठेक्का विवरण र शर्तहरुको अधिनमा रही इच्छुक योग्य फर्म वा कम्पनीहरुले कार्यालयबाट बोलपत्र फाराम खरिद गरी फर्म वा कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्र, मूल्य अभिवृद्धि करको प्रमाणपत्र र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित सो फर्म वा कम्पनी कार्य गर्न योग्य भएको र कालोसूचिमा नपरेको स्वंघोषणा पत्र सहित तोकिएको दस्तुर रकम नगदै वा यस कार्यालयको नेपाल बैंक लिमिटेड वयलवास शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १०९०३०००००१००१००००००१ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी रीतपुर्वकको गोप्य वोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नम्बर र आर्थिक बर्ष | ठेक्काको कार्य क्षेत्रको विवरण | उत्खनन् हुने अधिकतम परिमाण ( घन फिटमा) | दर (प्रति घ.फि.) | बोल कबोल गर्नुपर्ने न्यूनतम रकम अंक वार्षिक (VAT बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी राख्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| ०१/०७९/०८० | फुलजोर खोला ( फुलजोर पुल भन्दा ५०० मि. माथी) स्थान नं. १ | ६,५०,००० | ५।- | ५०,००,०००।- | ३,०००।- | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |
| | फुलजोर खोला ( फुलजोर पुल भन्दा ५०० मि. माथी) स्थान नं. १ | २,७०,००० | | | | |
| | झिम खोला खैरा नाका | ८०,००० | | | | |

## शर्तहरु

१. इच्छुक वोलपत्र दाताहरुले रु. ३,०००।- दस्तुर फिर्ता नहुने गरी कार्यालयको नगदी रसिद वा बैंक भौचर संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयवाट खरिद गरि सक्नु पर्नेछ ।

२. वोलपत्र फाराम भरी दर्ता गर्ने अन्तिम मिति २०७९/०८/१५ गते दिनको १२ बजे भित्र कार्यालयमा दर्ता भएका वोलपत्र फाराम खोल्ने मिति २०७९/०८/१५ गते दिनको २:०० बजे खोलिने छ । वोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभएको अवस्थामा वोलपत्र फाराम खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र फाराम खरिद एवं दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको कार्यालय खुलेको दिनलाई क्रमश अन्तिम दिन मानिने छ ।

४. शर्त सहितको वोलपत्र फाराम मूल्यांकनमा समावेश गरिने छैन । वोलपत्र दाताले वोल कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । काटेको अंक र अक्षर वोलपत्र दाताको दस्तखत गर्नु पर्ने छ अन्यथा मान्यता दिइने छ ।

५. वोलपत्रदाताले वोलपत्र दर्ता गर्दा आफुले वोलकवोल गरेको रकम अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, वयलवास शाखामा रहेको धरौटी खाता नं. १०९०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बाणिज्य बैंकवाट जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी वोलपत्र साथ पेश गर्नु पर्ने छ ।

६. ठेक्का स्वीकृत पश्चात वोलपत्रदाताले वोलकवोल गरेको जम्मा रकम वोलपत्रदाताले सम्झौताको समयमा ठेक्काको वोल कवोल गरेको सम्पुर्ण रकम कार्यालयमा एकमुष्ट बुझाउनु पर्ने छ । ठेक्काको एकमुष्ट रकम बुझाएमा ठेक्काको वोलकवोल गरेको कर वाहेकको रकमको १० प्रतिशतले हुने रकम छुट दिइने छ । ठेक्का अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा समेत माग दावी गर्न पाइने छैन । स्वीकृत भएको वोलपत्रको सम्वन्धित वोलपत्रदाताले तोकिएको समयावधि भित्र  कार्यालयमा सम्झौता गर्न नआएमा धरौटी जफत गरी निजलाई यस कार्यालयको कालोसूची मा राखिने छ ।

७. वोलपत्रदाताले वोल कवोल गरेको अंकको १३% ले हुन आउने मूल्य अभिवृद्धि कर को रकम सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने छ । सो वाहेक प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क समेत वोलपत्रदाता/ठेकदार स्वंयले सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

८. ठेक्का अवधि चालु आर्थिक वर्ष २०७९/०८० को लागि सम्झौता गरी कार्यादेश दिएको मितिवाट प्रारम्भ भई २०८० जेठ मसान्तसम्म वहाल रहने छ । तर उक्त अवधि भन्दा अघि नै तोकिएको परिमाण उत्खनन भएमा सम्झौताको अवधि समाप्त भएको मानिने छ ।

९. वोलपत्रको प्रत्येक पाना/पेजमा वोलपत्रदाताले सहिछाप गरेको हुनु पर्नेछ । ठेकदार र कार्यालय बीच ठेक्काका शर्तहरुको सम्वन्धमा कुनै विवाद सृजना भएमा ईश्वरपुर नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ । सो निर्णय उपर कुनै उजुरवाजुर लाग्ने छैन । वोलपत्र फाराम स्वीकृत गर्ने नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

१०. कर, शुल्क, दस्तुर संकलन गर्ने रसिदहरु ठेक्काको शिर्षक अनुसार ठेकदारले आफ्नै तर्फवाट छपाई कार्यालयवाट दस्तखत गराई छाप लगाएर कार्यालयमा रसिद नं. दाखिला गराएपछि मात्र कर, शुल्क, दस्तुर संकलन गर्न प्रयोगमा ल्याउनु पर्नेछ । ठेकदारले मासिक रुपमा उत्खनन र विक्रि गरेको विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ । विवरण पेश नगरेको कारण कार्यालयवाट ठेक्काको संकलन/उत्खनन कार्य गर्न रोक्का भएमा ठेकदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउन छैन ।

११. ठेकदारले ढुंगा, गिट्टी र वालुवा संकलन/उत्खनन कार्य गराउँदा खोलाको स्वीकृत क्ष्भ्भ प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालना गर्दा वातावरणीय नकारात्मक प्रभाव न्युनीकरण कार्यमा लाग्ने खर्च ठेकदार आफैले व्यहोर्नु पर्दछ । नेपाल सरकारवाट वन्देज लगाइएको अवधिमा खोलावाट नदिजन्य पदार्थ झिक्न पाइने छैन र सो अवधिको क्षती वा मिनाहाको लागि कार्यालयमा माग दावी गर्न पाइने छैन ।

१२.सम्मानित अदालत, नेपाल सरकारको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र कार्यान्वयन गर्नु सम्वन्धित ठेकदारको कर्तव्य एवं दायित्व हुनेछ ।

१३. नदिजन्य पदार्थ उत्खनन गर्न ठुला मेशीनरी उपकरण प्रयोग गर्नु पर्ने अवस्थामा नगर कार्यपालिकाको वैठकवाट निर्णय भएबमोजिम हुनेछ ।

१४. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरी कर, शुल्क, दस्तुर लिन पाइने छैन । तोकिएको कर, शुल्क, दस्तुर संकलन स्थानमा दररेट सहितको होर्डिङवोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१५. नदि किनार तथा आसपासका वनस्पती र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय राजमार्ग र सहायक राजमार्गका दायाँवायाँ निषेध गरिएका स्थान वाहेक तोकिएका स्थानहरुवाट मात्र नदिको वहाव परिवर्तन नहुने गरी विहान सूर्योदय देखि वेलुका सूर्यास्तसम्म मात्र नदिजन्य पदार्थ झिक्न पाइनेछ । हावा चलेको वेलामा वा पानी चुहिने गरी, धुलो धुँवा उडने गरी ढुवानी गर्न पाइने छैन । ढुवानी गर्दा छोपेर प्रचलित कानुनको अधिनमा रही गर्नु पर्नेछ । अन्यथा नियमानुसार कार्वाही हुनेछ ।

१६.मोटरेवल पुल, कजवे तथा कल्भर्टवाट दुवै तर्फका पुलहरुको ५०० मिटर अपस्ट्रिम र ५०० मिटर डाउनस्ट्रीमसम्म सामाग्रीहरु निकाल्न निषेध गरिएको छ । घाटसम्म जानेवाटोको निकास र त्यसको आर्थिक दायित्व ठेकदार आफैले व्यवस्था गर्नु पर्दछ ।

१७. नदिजन्य पदार्थहरुको ढुवानी गर्दा राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाइने छैन । ढुवानीको लागि वैकल्पिक सडक निर्माण कार्य नगरपालिकावाट स्वीकृत लिएर मात्र गर्नु पर्ने छ र सो को आर्थिक व्यवस्थापन एवं विवादको निरुपण स्वंय ठेकदारले गर्नु पर्नेछ ।

१८. ठेक्का व्यवस्थापन गर्दा वालश्रम प्रयोग गर्न निषेध गरिएको छ । मजदुरको ज्यालाको दररेट ईश्वरपुर नगरपालिकाको वैठकवाट स्वीकृत ज्याला दररेटमा कम नहुने गरी ज्याला दिनु पर्नेछ ।

१९. संकलित नदिजन्य पदार्थहरुको संकलन/उत्खनन र ढुवानी कार्यावधि भित्रै सम्पन्न गर्नु पर्नेछ । ठेक्का वन्दोवस्ती अवधि पश्चात बाँकी रहेको संकलित नदिजन्य पदार्थहरु यस कार्यालयको नियन्त्रण, स्वामित्व र व्यवस्थापन अर्न्तगत रहनेछ । त्यस प्रकारको सामाग्रीहरु उपर ठेकदारको कुनै प्रकारको माग दावी रहने छैन ।

२०. यस सूचना र पट्टा/सम्झौतामा खुलाइएका शर्तहरुको हकमा सोही बमोजिम र अन्य शर्तहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत